# नेचासल्यान गाउपालिकाको ९ औं गाउँसभा बैठकमा उपाध्यक्ष श्री कुमारी देवी शर्माज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम

नेचासल्यान गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु, प्रदेश नं. १
२०७८/३/१०

गाउसभाका अध्यक्षज्यू
गाउसभाका सदस्यज्यूहरु
प्रमुख प्रशासकिय अधिकृत लगायत उपस्थित सम्पूर्ण कर्मचारीहरु

१) राज्य पूनसंरचनाको अवधारणा अनुरुप गठन भएको नेचासल्यान गाउपालिकाको विकासको योजनाबद्ध श्रृङ्खला शुरु भएको मध्य अवधिमा प्रबेश गरिरहँदा नेचासल्यान गाउपालिकाको आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानीत गाउँ सभामा पेश गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु ।

२) मुलुकमा लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनैतिक व्यवस्था स्थापना गर्नका खातीर बिभिन्न चरणका संघर्ष, जनयुद्ध र शान्तिपूर्ण जन आन्दोलनहरुमा शहादत हुनु भएका आदरणिय वीर अमर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । अपांग घाइते र बेपत्ता योद्धाहरुले युऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै हार्दिक सम्मान व्यक्त गर्दछु ।

३) नेपालको संबिधान २०७२ को प्रावधान बमोजिम संघिय शासन व्यवस्थाको मर्म अनुरुप यस गाउपालिकामा निर्वाचित हामी जनप्रतिनिधिहरु निर्वाचित भएकै दिन देखी आजको दिन सम्म गाउपालिकाको विकास निर्माण तथा सम्बृद्धिका निम्ति अहोरात्र सक्रिय भुमिका निर्वाह गर्दै आएका र आगामी दिनमा समेत यस कार्यलाई निरन्तरता दिने छौं ।

४) नेपाल सरकारको **समृद्ध नेपाल, सुखी नेपालि** को राष्ट्रिय आकांक्षाका र प्रदेश सरकारको **स्वच्छ सुखि र समुन्नत प्रदेश** भन्ने मुल दृष्टिलाई तथा नेचासल्यान गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजनाको मुल नारा **“समुन्नत कृषि, पर्यटन, ऊर्जा, शिक्षा, स्वास्थ्य, सहकारी र पूर्वाधार ! सुशासन, समावेशिता र दीगो विकास समृद्ध नेचासल्यानको आधार !!”** मध्य नजर गर्दै गाउपालिकाको विकास उन्नती र समृद्धिका कार्यक्रमहरु संचालन गरिनेछन् । नेचासल्यान गाउपालिकाको कृषि, पर्यटन, उर्जा, सहकारी र पूर्वाधार, शुसासन र जवाफदेहीता सम्बृद्धिको आधार मुल नारालाई मूर्त रुप दिन आगामि आ.व. मा समेत नारामा समेटिएका बिषयबस्तुलाई विकासका कार्यमा आबद्ध गर्दै लगिनेछ ।

५) यस गाउँपालिकाले गाउँपालिकाको समृद्धिको लागि जिल्लामा नै पहिलो गाउँपालिकाको आवधिक (पञ्च वर्षिय) योजना तयार गरी विकास निर्माण र गाउँपालिकाको लक्षलाई एउटा गोरेटोमा हिँडाउने प्रयत्न गरेको छ । गाउँपालिकाको प्रथम आवधिक (पञ्च वर्षिय) योजना को सफल कार्यान्वयन भएको अवस्थामा पञ्चवर्षिय योजनाले कल्पना गरेको मुल नारा अनुरुप गाउँपालिकाको दिगो विकासका लागि पञ्चवर्षिय योजना कोशेढुंगा सावित हुने कुरामा हामि विश्वस्त छौं । आगामि आर्थिक वर्ष २०७८/०७९ का योजना तथा कार्यक्रमहरु पञ्चवर्षिय योजनामा उल्लेख गरिएका योजना तथा कार्यक्रम हरुमा तादम्यता कायम हुनेगरी छनौट गरिएका छन् ।

६) गाउँपालिकाको आवधिक योजनाले तोकेको ५ वर्षे लक्ष आ व २०७८।७९ देखि आ व २०८२।८३ सालसम्म “कृषि र पशुपालन व्यवसायको व्यवसायिकरण, शिक्षा र स्वास्थ्यको गुणात्मक विकासगरी सर्वसाधारण जनताको पहुँचको बृद्धि, आधारभुत एवम् आधुनिक संरचनाहरूको निर्माण, थप रोजगारी सृजना, पर्यटकीय पूर्वाधारको विकासगर्दै सार्वजनिक सेवा प्रवाहमा नविनतम् विकसित प्रविधिको प्रयोगगरी चुस्त दुरुस्त बनाउंदै नेचासल्यान गाउँपालिका बासीको जीवनस्तरमा सामाजिक न्यायसहितको गुणात्मक र दीगो सुधार गर्ने ।” लक्ष बमोजिम गाउँपालिकाका कार्यक्रम बमोजिम अगाडि बढाईनेछ ।

७) हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को पहिलो तथा दोस्रो लहरका कारण देश भित्र र बाहिर ज्यान गुमाउनुहुने नेपाली प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै यस बिषम परिस्थितिमा गाउपालिकालाई सहयोग गर्ने संघिय तथा प्रदेशका मा. सासदज्यूहरु, स्थानीय राजनैतिक दल, चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मि, कर्मचारी तथा सम्पूर्ण नेचासल्यानबासिको उच्च प्रशंसा गर्दछु । साथै कोरोना भाईरस संक्रमणको नियन्त्रणका निम्ति अत्याबश्यक स्वास्थ्य सामाग्रीको आपूर्तिलाई सहज बनाउन सहयोग गर्ने नेपाल रेडक्रस सोसाईटि, नेचासल्यान उद्योग बाणिज्य संघ, विपद् नियन्त्रणका लागि सामाग्री सहयोग गर्ने वोधिसत्व विहार, सहानूभुती नेपाल, एफ आर डि, मानव अधिकारबादी संगठन सल्लेरी, युके सेवा समाज, आर्थिक सहयोग गर्ने रिड नेपाल, हिमालयन ट्रस्ट लगायत स्वयंसेवक परिचालन गर्ने अन्य संघ संस्था प्रति पुन हार्दिक आभार प्रकट गर्दै हालको कोभिड १९ को दोस्रो भेरियन्ट नियन्त्रणमा समेत सहयोगका निम्ति उल्लेखित निकायहरुलाई पुनः आग्रह गर्दछु ।

सभाध्यक्ष तथा सभा सदस्यज्यूहरु,

अव म आगामी आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकास

उत्पादन, उत्पादकत्व र बजारको विस्तार र बिविधीकरणगरी समय सापेक्ष यान्त्रिकीकरणका माध्यमबाट प्रभावकारी र उल्लेखनीय गतिमा गरिबी न्यूनीकरण गर्ने कार्यक्रमहरु अगाडि बढाईनेछ ।

### क) कृषि तथा पशु विकास नीति

- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न जैविक मल, बिउ, जैविक कीटनासक औषधीको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थापनमा सहजीकरण गर्न सिंचाई सुविधा प्रवर्धन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- किसानको लागत मुल्य प्राप्तिको सुनिश्तताको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा दन्ते ओखर पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।
- कृषि क्षेत्रको उन्नतीका लागि संचालन गरिएको शोधकेन्द्र (नमुना कृषि फर्म) लाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रमा कृषकको योगदानको पहिचान संगै गाउँपालिकाको समेत पहिचानका लागि कृषि प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- उत्पादिन कृषि सामाग्रीको बजार सुनिश्चित गर्न चालु आर्थिक वर्षबाट सुरुवात गरिएको कृषि कोशेलीघर कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याँङ्क संकलन गरी सोको पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्दै, यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था तथा सम्बन्धित निकायमा समन्वय गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेका सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई गाउँपालिका भित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाताहरुसँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ
- उत्पादनका हिसाबले विशिष्ट पहिचान बनाउन **"एक वडा एक उत्पादनको कार्यक्रम"** लाई निरन्तरता दिइनेछ
- उत्पादित कृषि तथा पशुजन्य वस्तुहरुको बजारीकरण तथा मूल्य समायोजनमा एकरुपता ल्याउन जोड दिइनेछ
- तरकारीमा आत्मनिर्भर गाउँपालिका स्थापना गर्न विषेश पहल गरिनेछ ।

- रसायनिक मल तथा विषादी प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै यस गा.पा. लाई अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- सल्लेरी, ओखलढुङ्गा, काठमाडौं तथा आसपासका व्यापारीहरुसंगको आन्तरिक समझदारीमा स्थानीय उत्पादित कृषिजन्य वस्तुहरुको बजारीकरणमा विशेष जोड दिइनेछ ।
- माटोको नमुना लिने र सोही माटो सुहाउँदो खेती गर्न कृषकलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- **“एक घर ५ फलफुलका वोट”** अभियान संचालन गर्नको लागि फलफुलका विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।
- टनेल तरकारी खेतीलाई प्रोत्साहन गर्दै कृषकलाई टनेल निर्माणमा अनुदान दिइनेछ ।
- पशु पालनलाई व्यवस्थित गर्नको लागि भकारो सुधार, खोर सुधार तथा नश्ल सुधार कार्यक्रम प्रत्येक वडामा क्रमश लागु गरिनेछ ।
- नेचासल्यान गाउँपालिका मासु, अण्डा र दुधमा आत्मनिर्भर गाउंपालिका बनाउन मुख्य ध्यान केन्द्रित गर्दै निर्यात गर्न सक्ने बनाउन कृषकलाई प्रोत्साहन गरिनेछ ।
- कृषकको क्षमता अभिबृद्धिका लागि कृषक तालिम, अन्तरक्रिया, भ्रमण, गोष्ठीहरु संचालन गरिनेछ ।
- चालु आर्थिक वर्षमा संचालन भएको पकेट ब्लक र जोन (पशु अन्तर्गत बाखा पकेट क्षेत्र, कृषि अन्तर्गत आलु तथा केरा पकेट क्षेत्र का साथै किवि जोन, कागति पकेट क्षेत्र, अदुवा वेसार जोन) कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका भित्रको मासुको मागको पुर्ति र निर्यात समेत गर्न सक्ने गरी बंगुर पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
- चालु रहेको बाखा पकेट कार्यक्रमलाई निरन्तरता दिइने, बंगुरको नयाँ पकेट कार्यक्रम शुरुवात गरिने तथा कुखरापालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- नश्ल सुधारका लागि बोका, राँगा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**ख) घरेलु तथा साना उद्योग तर्फको नीति :**

- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चितता प्रदान गरिनेछ ।
- लोप हुन लागेका स्थानीय सिपहरुको खोजीगरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु संचालन गरिने छ ।
- जिल्ला घरेलु कार्यलयसंग सम्पर्क गरी घरेलु उद्योग सम्बन्धी कार्यक्रम समन्वय, साझेदारी तथा सहकार्यमा अगाडि बढाइनेछ ।
- पुराना स्थानीय सीपहरुलाई निरन्तरता दिंदै बजारी खादाको रुपमा घरबुना स्थानीय उत्पादनमा जोड दिइनेछ
- लघुउद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यम सिर्जना तथा पुराना उद्यमीको स्तरोन्नती गरिनुका साथै उद्यमीहरुलाई उत्प्रेरण जगाउने कार्यक्रमहरु समेत संचालन गरिनेछ ।
- स्थापना गरिएको साझा सुविधा केन्द्रमा गाउँपालिका भित्रका सबै उद्यमीहरु ले उद्यम गर्न सक्ने र उत्पादित वस्तुको संकलन र बजारीकरणको आवश्यक व्यवस्था मिलाईने छ ।
- परम्परागत आरन घरलाई सुधार गर्दै व्यवशायिक आरनघर निर्माणमा जोड दिइनेछ ।
- संचालनमा रहेको खाडीको कपडा उद्योग लगायत अन्य उद्योगलाई प्रोत्साहन गरिनेछ ।
- गाउपालिकाको क्षेत्र भित्र ग्रामिण औद्योगिक क्षेत्र निर्माण गर्न जोड दिइनेछ ।

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिने ।
- चालु आर्थिक वर्षबाट सुरुवात गरेको घरेलु उत्पादन कोशेलीघर मार्फत घरेलु उत्पादनको पहिचान प्रवर्द्धन तथा बजारीकरणमा जोड दिईने छ ।

**ग) पर्यटन नीति :**

- आन्तरिक पर्यटनका साथै बाह्य पर्यटन समेतको बढावाका लागि फुर्के-गैरी-गौरीटाप पर्यटन पदमार्गको स्तरोन्नति गरिनेछ ।
- नेचासल्यान गाउँपालिकाको स्विकृत पर्यटन गुरुयोजना अनुरुप धार्मिक तथा वातावरणीय पर्यटकीय स्थलहरु क्रमशः निर्माण गर्दै लगिनेछ ।
- पहिचानमा रहेको पर्यटकिय स्थानलाई व्यवस्थित पर्यटकीय स्थलको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- स्थानीय भेषभुषा, नाच, स्थानीय उत्पादनको खाना, ढिकी, जाँतो तथा धर्म, कला र संस्कृतिको संरक्षण कार्यमा विषेश पहल गरिनेछ ।
- विभिन्न जातजातीको संस्कृतिको जगेर्ना गर्दै सांस्कृतिक कार्यक्रमहरु हरेक वर्ष पालिका स्तरीय प्रदर्शन प्रतियोगिता मार्फत पर्यटनमा जोड दिइनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि गाउँपलिका भित्र उपयुक्त क्षेत्रमा होमस्टे संचालनको अवधारणलाई अगाडि बढाईने छ ।

**घ) सहकारी तथा गरिवी निवारण :**

- गाउँपालिका स्तरीय  सहकारी समन्वय समिति स्थापना गरी सोही मार्फत सहकारी संस्थालाई अझ व्यवहारिक, सरलीकरण तथा प्रभावकारि बनाउँदै संचालन गरिनेछ ।
- सहकारी संस्था संचालनमा आइपर्ने समस्याहरु व्यवस्थापन तथा लेखा सम्बन्धी तालिम संचालन गरिने छ ।
- उत्कृष्ट सहकारीलाई प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था गरिनेछ ।
- विपन्न वर्गहरुको पहिचान गरी कृषि, घरेलु उद्यम, हस्तकला लगायतका आय आर्जनको कार्यक्रम संचालन गर्न सहकारी मार्फत विना धितोको ऋण दिने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरुको असल अभ्यास आदानप्रदानको लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- सहकारीको माध्यमबाट सीप हस्तान्तरण नीति अवलम्बन गरी विभिन्न क्षमता विकास, सिप विकास तथा आय आर्जन सम्बन्धी तालिम दिइनेछ ।
- गरिवि निवारणका लागि न्यूनतम १०० दिन रोजगारी उपलब्ध नहुने परिवारका लागि प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत तथा थप गाउपालिकाबाट समेत रोजगारीको सुनिश्चित गरिनेछ ।
- नेपाल सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत गाउँपालिका भित्रका विपन्न नागरिकहरुको खरको छानो भएका घरहरुलाई जस्ता पाताले छाना छाउने व्यवस्था मिलाईनेछ ।

**ङ) वित्तीय क्षेत्र**

- गाउँपालिका भित्र रहेको राष्ट्रिय वाणिज्य बैंक, अन्य आर्थिक कारोबार गर्ने वित्तिय संस्थामा सबै जनताको पहुँच स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- थप वित्तीय संस्थाहरु स्थापनाका लागि पहल गरी स्थानीय पूँजी संकलन तथा लगानीको वातावरण निर्माण गरिनेछ

## २. सामाजिक विकास नीति

सामाजिक संघसंस्थाका पूर्वाधारहरूको सुधारगरी शिक्षा, स्वास्थ्य लगायतका सामाजिक सेवाको प्रभावकारीता र गुणस्तरमा सुधारगर्दै सामाजिक न्याय स्थापित गर्ने कार्यक्रमहरु अगाडि बढाईनेछ ।

### क) शिक्षा

- गाउँपालिका शिक्षा ऐन बमोजिम आवश्यकताको आधारमा विद्यालय मर्ज तथा दरवन्दी मिलान कार्य निरन्तर नै रहनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्र.अ. को प्रशासनिक क्षमता विकास तालिम साथै विषयगत शिक्षकको क्षमता विकास तथा नविनतम शिक्षण विधि तालिम संचालन गरिनेछ ।
- आवश्यकता र औचित्यताको आधारमा पूर्व वाल विकास केन्द्रहरु संचालनमा ल्याइनेछ र भइरहेका केन्द्रहरुलाई निरन्तरता दिइनेछ ।
- विद्यालयस्तरीय एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली पूर्ण कार्यन्वयनमा ल्याइनेछ ।
- कोभिड-१९ का कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेका मापदण्ड वमोजिम वैकल्पिक विधिहरुको प्रयोग गरी पठनपाठन सुचारु गर्ने व्यवस्था मिलाईनेछ ।
- सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी,  शौचालय तथा सरसफाईको प्रवन्ध गरिनेछ ।
- विद्यालयमा खेलकुद, मनोरञ्जन तथा सृजनात्मक क्रियाकलाप संचालन गरी अतिरिक्त क्रियाकलापहरुमा समेत विद्यार्थीको क्षमता विकास गरिनेछ ।
- शिक्षाविद्, बुद्धिजिवि, समाजसेवी विभिन्न संघ संस्थाहरुसंगको समेत सल्लाह, सुझाव लिएर मात्र व्यवहारिक प्राविधिक सुलभ समयानुकुल सिकाई उपलब्धि थप गर्दै लाने नीति लिइनेछ ।
- कक्षा १ देखि १२ सम्म समग्रमा उत्कृष्ट परिणाम ल्याउने विद्यालय, शिक्षक शिक्षिका तथा विद्यार्थिहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधारको जिम्मेवारीमा उत्तरदायि बनाउनका निम्ति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रध्यानाध्यापक संग कार्यसम्पादन करार सम्झौता गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक बीच नियमित रुपमा विद्यार्थी गतिविधि, विद्यालय संचालन तथा विद्यालयको क्षमता विकासको बारेमा छलफल हुने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रका आ.वि. तथा मा.वि. सबै विद्यालयहरुमा कम्प्युटर शिक्षा र फ्रि वाईफाई लागू गर्दै सम्पुर्ण विद्यालयहरुमा निशुल्क इन्टरनेट जडान गरिनेछ ।
- शिक्षक दरबन्दि नभएका विद्यालयमा आवश्यकताका आधारमा गाउँपालिकाबाट आवश्यक शिक्षकको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्रका विद्यालयहरुलाई प्रविधि मैत्री (ई हाजिरी, ई रिपोर्टिङ, स्मार्टबोर्ड) बनाउँदै लगिनेछ ।

### ख) स्वास्थ्य

- कोभिड १९ को दोस्रो लहरबाट गाउँपालिकामा परेको प्रभावलाई नियन्त्रण तथा जनताको जीउ ज्यानको रक्षाका लागि आवश्यक सम्पूर्ण स्वास्थ्य उपकरण लगायतका सामाग्रीको पर्याप्त व्यवस्था गरिनेछ ।
- कोभिड-१९ मा गाउँपालिकामा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई) हरुको अभाव नहुने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

- कोभिड संक्रमणको जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके वमोजिम क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाईने छ । साथै होम आईसोलेसनमा राख्न कठिन परिस्थितिमा रहेका विरामीहरुलाई सुविधा सम्पन्न अस्पतालमा पुऱ्याउन निशुल्क गाडिको व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको संचालन गरिनेछ ।
- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाइबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधलाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई परिचालन गर्न थप प्रोत्साहन गरिनेछ ।
- संक्रामक रोगको नियन्त्रण तथा रोकथाममा खटिने स्वास्थ्यकर्मी कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- कोभिड-१९ नियन्त्रणका लागि आवश्यक पूर्वाधार संरचना निर्माण तथा पर्याप्त बजेटको व्यवस्था गरिनेछ ।
- “स्वस्थ रहनु सबैभन्दा ठूलो, सबैघरमा आधुनिक चुलो” अभियान शुरु गरिनेछ ।
- सबै स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टर स्तरोन्नती संचालनमा जोड दिईनेछ ।
- किशोर किशोरीहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य र सरसफाई कार्यक्रमलाई प्रोत्साहन गर्न विद्यालय तथा वस्तीहरुको सरसफाई अभियान लागू गरिनेछ
- “मादक पदार्थ सेवन घटाउ, बजारी पेय पर्दा हटाउ” अभियानलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक स्थानमा सूर्ति तथा मदिराजन्य पदार्थ सेवनलाई कडाईका साथ निरुत्साहित गरिनेछ ।
- सम्पूर्ण आ.वि. तथा मा.वि हरुमा सेनेटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- आकस्मिक स्वास्थ्य उपचारको लागि तत्काल एम्बुलेन्स खरिद गरी गा.पा मार्फत एम्बुलेन्स सेवा संचालनको व्यवस्था गरिनेछ ।
- आयुर्वेदिक सेवाको चेतनामूलक कार्यक्रम गरी शिविर संचालन गरिनेछ ।
- सल्यान स्वास्थ्य केन्द्रमा थप आधुनिक स्वास्थ्य सामाग्रीको व्यवस्थापन गर्दै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- सबै वडामा घरदैलो जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन दिइनेछ ।
- गाउँपालिकामा १५ शैयाको हस्पिटल स्थापना गर्नको लागि नेपाल सरकार समक्ष पहल जारी रहने छ ।
- विभिन्न सर्ने, नसर्ने रोगहरु, एच.आई.भि. एड्स नियन्त्रण, आखा शिविर, महिलाहरुको आंङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षणलाई प्राथमिकताका साथ अगाडी वढाइनेछ ।

**ग) खानेपानी तथा सरसफाईतर्फ :**

- प्रत्येक टोलमा खानेपानी धारा निर्माण अभियान संचालन गरि एक घर एक धारा अभियान समेत संचालन गरिनेछ ।
- खानेपानीको साथ साथै सरसफाई तथा पूर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी आयोजनालाई दिगो र टिकाउ बनाउनको लागि समूदायलाई योजना हस्तान्तरण गरि समूदायबाट नै मर्मत संभारको व्यवस्था मिलाइनेछ ।
- खानेपानी नपुगेका टोल र वस्तीहरुमा लिफ्टिङ तथा ग्राभिटि मार्फत खानेपानीको व्यवस्था गरिनेछ ।
- सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

- फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडामा टोल विकास समिति गठन गरी आवश्यक ठाउँमा फोहोर विसर्जन स्थल तोकिनेछ ।
- ठूला खानेपानीका आयोजना निर्माण र सम्पन्न गर्नका लाीग संघ तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
- १० लाख भन्दा बढी रकमका खानेपानी आयोजनाहरु समुदायमा हस्तान्तरण गर्दा समुदायबाट नैमर्मत कोषको अनिवार्य व्यवस्था गरिनेछ ।

## घ) संस्कृति प्रवर्द्धन

- यहाँको भाषा कला परम्परालाई जीवन्त बनाउन भाषको संस्कृतिको संरक्षणमा जोड दिइनेछ ।
- विभिन्न जातजातीको परम्परागत धर्म संस्कृति रितिरिवाजलाई संरक्षण गर्न जोड दिइनेछ ।
- धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, भुमेथान, चर्च, विहार आदिको संरक्षणमा जोड दिइनेछ ।
- स्थानीय मातृभाषा पाठ्यपुस्तक तयारी गरी विद्यालयमा पठनपाठनको व्यवस्था गरिनेछ ।

## ङ) खेलकुद तथा मनोरञ्जन

- युवाहरुको खेलकुदको रुचिलाई ध्यानमा राखी भलिबल जस्ता खेलहरुको अतिरिक्त जुडो, करांते, तेक्वान्दो, एथ्लेटिक्स, बक्सिङ, व्याटमिन्टन, फुटबल जस्ता खेलहरु समेत संचालन गरिनेछ ।
- किशोर किशोरीका लागि संचालन गरिएको आत्मरक्षा तालिम (कराँते) लाई निरन्तरता दिईनेछ ।
- वडा नं. ५ मा रहेको गाउँपालिकास्तरको खेलमैदानको स्तर अझ विस्तार गर्न प्रदेश सरकारसंग पहल गरिनेछ ।
- नेचासल्यान गोल्डकप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भन्दा बाहिर आयोजना हुने विभिन्न खेलकुद कार्यक्रममा गाउँपालिकाको सहभागिता सुनिश्चितता गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ
- गाउँपालिका भित्रको खेलकुद कार्यक्रमहरुको संचालन तथा व्यवस्थापनको लागि खेलकुद विकास समिति गठनभएकोमा सोही निकायमार्फत सल्लाह सुझाव संकलन गर्दै यसको विकासमा जोड दिइनेछ

## च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

### अ. महिला तथा बालबालिका सम्वन्धि

- कोभिड-१९ को संक्रमण जोखिम रहँदासम्म अशक्त, असाहय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला हिंसा अन्त्यको लागि वडागत तथा पालिका स्तरीय कानुनी सचेतना कार्यक्रमसंचाल गरिनेछ ।
- एकल महिलाहरुको मागमा आधारित आत्म निर्भर कार्यक्रम लागू गर्दै गइनेछ ।
- बालमैत्री स्थानीय शासनलाई अवलम्बन गर्दै बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।
- बालविवाह, बहुविवाह मुक्त पालिका बनाउन चेतनामूलक कानून सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- गरिब तथा जेहेन्दार बालबालिकाहरुलाई छात्रबृत्तिको व्यवस्था मिलाइनेछ ।
- बालबालिका तथा महिलाहरुको विभिनन दिवस समारोह तथा अभियानहरुको कार्यक्रमलाई उल्लासका साथ मनाउने व्यवस्था मिलाइनेछ ।

**आ.दलितः**

- परम्परागत हातहतियार तथा औजारहरुको उत्पादनलाई निरन्तरता दिन सम्बन्धित उद्यमीहरुलाई पुर्नताजगीय तालिम दिने व्यवस्था मिलाइनेछ ।
- परम्परागत पेशलाई समायानुकुल बनाउन परिवर्तन गर्दै पेशागत सुधारको लागि विभिनन प्राविधिहरु उपलब्ध गराई स्वरोजगार हुने व्यवस्था मिलाइनेछ ।
- दलित समुदायको उत्थानको लागि उनिहरुको मागमा आधारिक आय आर्जनका सिपहरुको तालिमको व्यवस्था गरिनेछ

**इ.फरक क्षमता(अपांगता) तर्फ**

- अपांगहरुको प्रकृति अनुसार नगद वितरणभन्दा सीपमूलक, क्षमतामूलक कार्यक्रम लागू गरिनेछ ।
- प्रकृतिअनुसारको अपांग परिचयपत्र वितरण गरिनेछ । आर्थिक कमजोर भएका अपांग विद्यार्थिलाई शैक्षिक सामाग्री वितरण गरिनेछ ।
- अपांगहरुको मागमा आधारित अन्य कामहरु गरिनेछ ।

**ई.लक्षित(आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक) वर्ग**

- लक्षित वर्गहरुको सिप,क्षमता विकास तथा आय आर्जनको लागि विभिन्न सिप, क्षमता तथा आयमुलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- लक्षित वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिवर्तन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलब्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी लोकसेवा तर्फ प्रेरित गर्न लोकसेवा आयोगको तैयारी कक्षाहरु संचालन गरिनेछ ।
- गाउंपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्नको लागि निर्देशिका तथा कार्यविधी तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**उ.जेष्ठ नागरिक :**

- अथाह अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई सामाजिक विकासको क्षेत्रमा उपयोग गरिनेछ ।
- हरेक जेष्ठ नागरिकलाई घरघरमै निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिक परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ ।

**ऊ. न्यायिक समितिको क्षमता विकासः**

- न्यायिक समितिको कार्य सम्पादनलाई सहज बनाउनको निम्ति न्यायीक समितिका पदाधिकारीहरुलाई कानुनी तालिम संचालन निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरि त्यहिँबाट विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।
- न्यायीक समितिले निरुपण गर्ने अधिकार क्षेत्रहरुको विवादका विषयहरु प्रत्येक वडा कार्यलयहरुमा टाँस गरी प्रचारप्रसार गरिनेछ ।
- न्यायीक समितिलाई विवाद निरुपणको निम्ति इजलास कक्ष र भौतिक व्यवस्थापन गरिनेछ ।

## ३. पूर्वाधार विकास

पूर्वाधारहरूको स्तरोन्नति गरी सबै बस्तीलाई सुधारिएको पूर्वाधारयुक्त बनाउँदै गाउँपालिकावासीको जीवनयापन सहज र सुरक्षित बनाउने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

### क) सडक पुल तथा झोलुङ्गे पुलः

- गाउँपालिका जोड्ने मुख्यसडक नेचा-सल्लेरी र नेचाबेतघारी-गैरी हुँदै ओखलढुंगा जोड्ने सडकलाई संघ, प्रदेश र स्थानीय सरकारको त्रिपक्षिय समन्वयमा क्रमशः पक्कि नाली र ग्रावेल हुँदै कालोपत्रे सडकको रुपमा स्तरोन्नती गरिनेछ
- गाउँपालिका केन्द्र बजारक्षेत्रमा क्रमशः ढल निकास सहित सोलिङ र ढलान गरिनेछ ।
- नयाँ सडक ट्र्याक खोल्ने कार्यक्रमलाई न्यूनिकरण गर्दै भएका सडकहरुको स्तरोन्नतीको कार्यलाई प्रथामिकता दिईनेछ ।
- संचालनमा रहेका सबै बाटाहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा बाह्रै महिना निर्वाधरुपमा वस सेवा संचालनको लागि बाटो स्तरोन्नती गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण हुने सडक न्यूनतम ४ मिटर चौडा कायम गरिनेछ ।
- गाउँपालिकाभित्र आवश्यक मोटरेवल पुल निर्माणको लागि प्रदेश सरकार र केन्द्र सरकार समक्ष पहल गर्ने तथा DPR हुन बाँकी रहेको ठाउँहरुमा DPR गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- झोलुङ्गेपुल आवश्यक भएका स्थानमा थप झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकार समक्ष पहल गरिनेछ ।

### ख) सिंचाई तर्फ :

- सिंचाईको सुविधाबाट वञ्चित खेत तथा फाँटहरुमा आवश्यक बजेटको व्यवस्था गरि कृषि उत्पादनमा जोड दिइनेछ ।
- अपुरा रहेका सिंचाई योजनाहरुलाई निरन्तरता दिइनेछ ।
- मझौला तथा ठूला सिंचाई योजनाहरुको पहिचान गरी सिंचाई डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसंग अनुरोध गरिनेछ ।

### ग) भवन तथा सहरी विकास

- हल सहितको सुविधा सम्पन्न गाउँपालिकाको मुख्य प्रशासनिक भवनका लागि जग्गाको व्यवस्था तथा डि पि आर निर्माण प्रकृया अगाडि बढाईनेछ ।
- सवै वडामा वडाकार्यालय भवन निर्माणको काम तत्काल अगाडी बढाईने छ ।
- भवन निर्माण गर्दा भुकम्प प्रतिरोधी भवन अनिवार्य गर्दै पक्कि भवन बनाउँदा नक्सा पास गर्न अनिवार्य गरिनेछ ।
- गाउँपालिका भवन तथा वडाकार्यालय भवन निर्माणको लागि संघीय सरकारले तोकेको मापदण्डको जग्गा निशुल्क रुपमा प्राप्त गरीनेछ ।
- नेचासल्यान गाउँपालिका क्षेत्रभित्रका जग्गाहरु अध्ययन अनुगमन तथा सम्भाव्यवता अध्ययन गरी नयाँ मूल्य कायम गरिनेछ ।

**घ) उर्जा, लघु तथा साना जलविद्युतः**

- राष्ट्रिय प्रशारणको विद्युत लाईन विस्तार आगामि आर्थिक वर्ष भित्रै सम्पन्न गर्न विद्युत प्राधिकरण संग समन्वय गर्दै आर्थिक वर्ष ०७८/७९ भित्र गाउँपालिकाको सम्पुर्ण क्षेत्रमा विद्युत लाईन विस्तार गरी आगामि आर्थिक वर्षलाई विद्युतिकरण सम्पन्न वर्षको रुपमा मनाईनेछ।
- तुइन्टार लघु जलविद्युत आयोजनाको दिगो संरक्षण तथा थप क्षमता विस्तारको लागि अध्ययन गरिनेछ ।
- गाउँपालिका भित्रका तत्काल विद्युत पुग्न नसक्ने टोल वस्तिमा सौर्य उर्जा मार्फत विद्युतीकरणको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा आवश्यक पहल गरिनेछ। तथा विभिन्न टोल बस्तीमा संचालनमा रहेका वैकल्पिक उर्जाका योजनाहरुलाई नियमित संचालनको व्यवस्था मिलाइनेछ।

**ङ) सूचना तथा संचार तर्फ :**

- वडा कार्यालयहरुमा इन्टरनेटको नियमित संचालनको लागि द्रुत गतिको अप्टिकल फाईबर नेट जडानको लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- गाउंपालिकाका विकास निर्माणका हरेक गतिविधीहरुलाई आम जनसमुदाय समक्ष पु-याउन एफ.एम. तथा सामुदायिक रेडियो मार्फत **"नेचासल्यान समृद्धि"** नामको कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।
- पत्रकारीता, संचारजगत संग विकास र सुशासनमा सहकार्यलाई निरनतरता दिईनेछ।
- सामाजिक संजाल तथा आफ्नै वेभ साइटमा गाउंपालिकाका सुचनाहरुको प्रवाहलाई निरन्तरता दिइनेछ।
- पालिका भित्रका कार्यालयहरुको पत्राचार विद्युतीयमा माध्यमद्वारा छिटो छरितो तरिकाले पठाउने व्यवस्था मिलाइने छ।
- जनप्रतिनिधि तथा कर्मचारीलाई कम्प्युटर तालिमको ब्यवस्था मिलाइने छ ।
- जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रत्याभूत गर्न गाउँपालिकाले गरेका हरेक कामको जानकारी दिन सूचना अधिकारी तोकी हरेका शाखाका कामको जानकारी सूचना अधिकारीलाई गराउने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाले पारित गरेका कानुनहरु राजपत्रमा प्रकाशित गरी जनतासम्म पुऱ्याउने ब्यवस्थालाई निरन्तरता दिईनेछ।

**४. वातावरण संरक्षण तथा विपद व्यवस्थापन :**

- वन, वातावरण, प्राकृतिक स्रोतको संरक्षण र दीगो उपयोगगर्दै जलवायु परिवर्तनका नकारात्मक प्रभाव र सम्भाव्य विपदका जोखिमहरू सहन गर्नसक्ने खालको जीवनयापन विकास गर्ने कार्यक्रमहरु अगाडि बढाईनेछ
- विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- पुर्वाधार विकासका क्रियाकलाहरु सञ्चालन गर्न विपद जोखिम संवेदशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ।
- वातावरण संरक्षणको लागि गाउंपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक जग्गाहरुमा तथा सडक छेउमा माटो बग्ने कार्यलाई रोक्नको लागि वृक्षारोपण गरिनेछ
- विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रत्येक वडाहरुमा हेलिप्याड निर्माणको प्रकृया अगाडि बढाईनेछ।
- समुदायमा विपद व्यवस्थापन सम्बन्धि सतर्कता र सचेतना जगाउने कार्यक्रम संचालन गरिनेछ।
- प्राकृतिक प्रकोपबाट जोखिम युक्त वस्ती पहिचान गरि व्यवस्थापन कार्यमा जोड दिइनेछ।

- गाउँपालिकामा विपद उद्दार सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- एकवडा एक मनोरंजन पार्क तथा एक वडा एक पोखरी कार्यक्रम संचालन गरिनेछ ।
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ ।
- जलवायु मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम अवलम्वन गरिनेछ ।
- विपद व्यवस्थापनको कार्यहरु संचालनको लागि वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवार वनाइनेछ ।
- वातावरण संरक्षणका निम्ति संघ संस्था संगको साझेदारीमा सार्वजनिक तथा सामुदायिक जग्गामा सघन बृक्षरोपण कार्यक्रम अगाडि बढाईनेछ ।
- खोला किनारवाट अनधिकृत रुपमा ढुंगा, गिट्टी तथा वालुवा निकासी कार्यलाई पूर्णत रोक लगाई वैधानिक रुपमा निकासीको व्यवस्था मिलाइने छ ।
- सामुदायिक वन ब्यवस्थापनमा जोड दिइनेछ । साथै गाउँपालिकाको लापा (LAPA) निर्माण गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह :

- गाउँपालिकालाई सशक्त स्थानीय सरकारका रूपमा स्थापित गर्दै सेवा प्रवाहलाई जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने स्तरमा छिटो, छरितो, पारदर्शी, सबैको सहज पहुँच हुन सक्ने र जिम्मेवार ढंगको बनाउने गरी अगाडि बढिनेछ ।
- सरल छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई  प्राथमिकता दिंदै दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण,सम्पती कर, योजना लगाएत सवै प्रकारका सेवा डिजिटल माध्यमबाट सरलिकृत गरी सेवाग्राहीहरुलाई चुस्त बनाईने छ ।
- जनतालाई चुस्त दुरुस्त सेवा प्रवाह तथा सहजताको लागि प्रत्येक वडामानै योजनाको सम्झौता तथा फरफारककोलागि शिविर संचालन गरिनेछ ।
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई उत्प्रेरणाको कार्यक्रम ल्याइने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीको समयानुकुल क्षमता विकासको लागि विभिन्न तालिम, गोष्ठि तथा प्रविधि मैत्री ज्ञानको विकासमा जोड दिइनेछ ।
- अरु स्थानीय तहमा भए गरेका राम्रा कामहरुको अनुसरण गर्दै त्यसको प्रभावकारिताको आधारमा यस गाउँपालिकामा पनि लागू गरिने छ ।
- नेचासल्यान गाउंपालिकालाई आर्थिक तथा सामाजिक क्षेत्रमा समृद्ध वनाउनको लागि (गरिवी निवारण, जातिय छुवाछुत मुक्त, वालमैत्री, वाल विवाह रहित आदि जस्ता) विभिन्न कार्यकमहरु संचालनमा ल्याइनेछ ।
- वालमैत्री गाउँपालिकाको विकासको लागि विकास पूर्वाधार विकास निर्माण गर्दा बालमैत्री बनाइने छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणली मार्फत भुक्तानी अनिवार्य गरिनेछ ।
- गाउँपालिकाको प्रथम पञ्चबर्षिय योजनाको कार्यान्वयनमा जोड दिइनेछ ।
- सरकारी, सहकारी तथा निजि क्षेत्र संग सहकार्य गर्दै प्राथमिकताका आधारमा सामाजिक तथा आर्थिक विकासका कार्यकमहरु संचालन गरिनेछ ।
- विषयगत विज्ञसंगको परामर्शमा विकास निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- अनुगमन कार्यलाई मासिक रुपमा क्षेत्र तथा दिन तोकि नियमित गरिनेछ ।

- नेचासल्यान गाउंपालिकामा राम्रो कार्य गर्ने कर्मचारी पुरस्कृत गरिनेछ ।

## ६. वित्तिय व्यवस्थापन र सुशासन

**क). राजश्व परिचालन तर्फ :**

- कर तिर्नु जनताको दायित्व हो भन्ने धारणाको विकास गर्नसमुदाय तथा वडा तह सम्म कर सम्वन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- प्रगतिशिल सम्पत्ति कर प्रणाली लागू गरी गरिव जनताबाट उठाइने करमा कमि गरिनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शी वनाउनको लागि सफ्टवेरको विकास गरी लागु गरिनेछ ।
- वडा कार्यालय तथा गाउँकार्यपालिकामा संकलित कर समयमै गाउँपालिकाको खातामा जम्मा गराई यसको पारदर्शितामा जोड दिइने छ ।
- कर उठाउने कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा संग कार्य सम्पादन करार सम्झौता गरिनेछ र सम्झौता बमोजिम कर उठाउने वडा कार्यालयका कर्मचारीलाई पुरस्कृत हुने ब्यवस्था मिलाइनेछ ।
- उपलब्धश्रोत साधनको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउंपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरिनेछ ।
- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरि संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइनेछ ।

**ख). वित्तिय अनुशासन र सुशासन तर्फ :**

- कार्यपालिकाको कार्यालय, वडा कार्यलय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को कारण व्यापार तथा सेवा क्षेत्रमा पर्न गएको नकरात्मक असरबाट राहत प्रदान गर्न गाउँपालिकाले संकलन गर्ने व्यवसाय कर, घरबहाल कर जस्ता करका क्षेत्रमा परेका असरको मूल्याङ्कन गरी कर सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को कारण कर तथा गैरकर राजस्वमा पर्न सक्ने असरलाई आँकलन गरी आन्तरिक आय अनुमानलाई  सकेसम्म यथार्थपरक बनाइनेछ ।
- आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँट तथा रोयल्टी रकममा आउनसक्ने कमिलाई ध्यान दिँदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिनेछ ।
- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मित्व्यायी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकालाई दिर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि नहुनेगरि निर्णयहरु गरिने छ ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- कुनै पनि योजनाको जिवन्त तत्व उपभोक्ता समिति भएको हुंदा उपभोक्ता समितिको क्षमता विकासको लागि वडा वडामा उपभोक्ता समितिको क्षमता विकासको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- हरेक योजनामा अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्न लगाइने छ र सो बापतको रकम इष्टिमेटमा नै व्यवस्था गरिनेछ ।

- योजनाको फरफारक जेष्ठ मसान्त भित्रै गर्ने व्यवस्था मिलाईनेछ ।
- अघिल्लो आ.व. का वेरुजुलाई फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- शुसासन प्रवर्द्धनमा जोड दिन गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेखगर्ने, सुझाब सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो संबोधन गर्ने प्रणालीको विकास गरिनेछ
- सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा संचालन गरिनेछ, नागरिक वडापत्र आदिको माध्यमद्धारा वडा तथा गाउंपालिका तहमा शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- विकास निर्माणका गतिविधीहरु आम नागरिकसंग पुऱ्याउनको लागि संचार माध्यमको प्रभावकारी उपयोग गरिनेछ ।
- प्रचारमुखि भन्दा प्रभावमुखि विकास निर्माण र सेवा प्रवाहमा जोड दिइने छ ।
- चालु आर्थिक बर्षमा उपभोक्ता समिति मार्फत यस गाउपालिकाबाट सम्पन्न भएका आयोजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरि योजनाको स्वामित्व ग्रहण गर्न, मर्मत संभार र दिगोपनाको निम्ति सम्बन्धीत उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउदै लगिनेछ ।
- स्थानीय तहमा कार्यारत राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च बनाउन क्षमता विकास तथा पुरस्कार लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

अन्त्यमा, यस गाउपालिकाको चालु आर्थिक बर्षका विकास निर्माण लगायत कोरोना भाईरस (कोभिड-१९) को प्रकोप नियन्त्रण तथा आगामि आर्थिक बर्ष २०७८/०७९ को नीति निर्माणमा सहयोग पुऱ्याउनुहुने संघीय माननीय तथा प्रदेश माननियज्यूहरु, गाउपालिका अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारी मित्रहरु, प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत कर्मचारी मित्रहरु, रिड नेपाल, सुआहारा, ग्रामिण विकास संस्था, एफ आर डि, वन हर्ट वर्ल्ड वाईड लगायतका संस्था र आम नेचासल्यानवासी जनसमूदाय प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद**

कुमारीदेवी शर्मा
उपाध्यक्ष
नेचासल्यान गाउपालिका
मिति २०७८/०३/१०